# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाण्डौं

(प्रशासन शाखा)

आ.व. : २०८३/०८४
प्रेस विज्ञप्ति नं. : ४५०

मिति: २०८३।०४।०७ गते।
ने.सं. ११४६

## प्रेस विज्ञप्ति

## सिराहामा गोली प्रहार गरी २४३ ग्राम खैरो हेरोईन सहित ६ जना पक्राउ।

लागु औषध नियन्त्रण ब्यूरो कोटेश्वरबाट खटिएको प्रहरी टोलीले भारतबाट नेपालतर्फ लागु औषध खैरो हेरोईन ओसार पसार तथा बिक्री बितरण गर्ने भारतीय नागरिकहरुको सुचना संकलन गरी सिमानाकाहरुमा निजहरुको निग्रानी गर्ने क्रममा मिति २०८३।०४।०७ गते जिल्ला सिराहा लहान न.पा. वडा नं. ३, हस्पिटल चोकबाट लागु औषध कारोवार गर्दै गरेको अवस्थामा ६ जनालाई फेला पारी नियन्त्रणमा लिन खोज्दा निजहरुले प्रहरी टोलीमाथि आक्रमण गरेकोले आत्म रक्षाको लागी प्रहरी टोलीले ५ राउण्ड हवाई फायर गरी चेतावनी दिंदा समेत अटेर गरेकोले निजहरु मध्ये मो. नसिरको बाँया खुट्टा र बिद्यानन्द यादवको दाहिने खुट्टामा १/१ राउण्ड गोली फायर गरि निम्न नामथर ठेगाना भएका ६ जनालाई **लागु औषध खैरो हेरोईन २४३ ग्राम,** सहित नियन्त्रणमा लिई घाईतेहरुलाई तत्काल उपचारको लागी प्रादेशिक अस्पताल लहान सिराहा पुर्‍याईएको।

साथै नियन्त्रणमा रहेका ४ जनालाई आवश्यक थप अनुसन्धान कारवाहीको लागी इलाका प्रहरी कार्यालय लहान, सिराहामा बुझाईएको।

**निम्न :-**

❖ **पक्राउ प्रतिबादीहरुको विवरण :-**

१. देश भारत राज्य बिहार ठेगाना भएका बर्ष २२ को बिद्यानन्द यादव।
२. जिल्ला सप्तरी रुपनी गा.पा. वडा नं. १ ठेगाना भएका बर्ष ४० को मो. नसिर।
३. जिल्ला सप्तरी बोदे बसाईन गा.पा. वडा नं. २ ठेगाना भएका बर्ष २८ को शम्भु प्रसाद यादव।
४. जिल्ला सप्तरी डाक्नेश्वरी गा.पा. २ ठेगाना भएका बर्ष २८ को मो. जमाहिर आलम।
५. जिल्ला सप्तरी बोदे बसाईन गा.पा. वडा नं. २ ठेगाना भएका बर्ष २४ बैधनाथ प्रसाद यादव
६. जिल्ला सप्तरी डाक्नेश्वरी गा.पा. २ ठेगाना भएका बर्ष ३२ को मो ईमामुदिन।

❖ **बरामद दशी (सामान) को बिबरण :**

१. लागु औषध खैरो हेरोईन २४३ ग्राम
२. स ३ प ८१८५ र स ११ प ८०५ नंम्बरका मो.सा. थान - २
३. मोवाईल थान - ७

**सह-प्रवक्ता**
**(जिवन निरौला)**
**प्रहरी नायव उपरीक्षक**